# दैनिक लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३६ | अंक २२३ | बुटवल | २०८१ साउन २५, गते शुक्रबार | नेपाल संवत ११४४ | Friday Aug.9, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



**फ्ल्याट भाडामा**

बुटवल उप-महानगरपालिका-८, सुख्खानगर भानुपथमा अवस्थित सुविधा सम्पन्न 3 BHK (3 Bed Room, 1 living Room, 1 Kitchen , 1 dining, 1 Toilet, Bath Room, 1 Toilet) गाडी पार्किङ्ग सहितको भुई तल्लाको फ्याल्ट खाली रहेकोले भाडा लिन इच्छुक अफिस, गोदाम तथा ठूलो परिवारले सम्पर्क गर्नुहोला।

**सम्पर्क नं.**
**९८५७०३६७४९, ९८४७०८२०२१**


## संस्थापक प्रधानसम्पादक कार्कीको सफल शल्यक्रिया



बुटवल । लुम्बिनी राष्ट्रिय दैनिकका संस्थापक प्रधान सम्पादक कर्णबहादुर कार्कीको हर्नियाको सफल शल्यक्रिया भएको छ। लुम्बिनी प्रादेशिक अस्पतालमा डा. विनय केसी नेतृत्वको टिमले कार्कीको शल्यक्रिया गरेको हो। कार्कीमा लामो समयदेखि मधुमेह र दुई वर्षदेखि मिर्गौलाको समस्या छ। २०३६ साल अगावैदेखि राजनीति र पत्रकारितामा लागेका कार्कीले २०४५ सालमा लुम्बिनी दैनिक नवलपरासीबाट दर्ता गरेर संस्थापक प्रधानसम्पादक भई पत्रकारितामा आबद्ध भएका हुन्।

पञ्चायती व्यवस्थाविरुद्ध लागेको भन्दै कार्की २०३६ साल र २०४६ सालमा जेल समेत परेका थिए। अस्पतालको शैयामा रहेका कार्कीले दैनिक लुम्बिनीले २०४६ सालको जनआन्दोलन र २०६२-६३ को जनआन्दोलन सफल बनाउन अग्रणी भूमिका खेलेको स्मरण गरे। २०६२-६३ को जनआन्दोलनका बेला कार्कीले करिब दुई हप्तासम्म जनआन्दोलन विशेषाङ्क सन्ध्याकालिन दैनिक समेत प्रकाशन गरेका थिए।

हर्नियाको शल्यक्रिया सफल भएपछि मिर्गौला प्रत्यारोपणको तयारी छ। तर त्यसका लागि ठूलो रकम आवश्यक पर्ने भएकाले सहयोगको अपेक्षा राखेको कार्कीले बताए। कार्की नेपाल पत्रकार महासंघको पूर्व केन्द्रीय उपाध्यक्ष समेत हुन्। दैनिक लुम्बिनीको प्रकाशन संस्था सिद्धार्थ पब्लिकेसन्स प्रालिका अध्यक्ष मोहन चापागाईंले संस्थापक प्रधानसम्पादक कार्कीको स्वास्थ्यलाभको कामना गरेका छन्। 'उहाँको उपचारका लागि संस्थाले सक्दो सहयोग गरेको र आगामी दिनमा पनि गर्ने छ।'-अध्यक्ष चापागाईंले भने।

**ट्रंकलाइन विवाद :**

# 'न माग, न प्रयोग कसरी महसुल तिर्ने ?'

**ट्रंकलाइन प्रयोग गरेको टीओडी प्रमाण प्राधिकरणले देखाएमा आफूहरु बिलअनुसारको रकम तिर्न सधैं तयार भए पनि उद्योगीहरुले विद्युत् खपत गरेर पनि महसुल तिरेनन् भन्ने गरी गलत प्रचार गरिएको उद्योगीहरुको गुनासो छ।**

**टिआर शर्मा**

*बुटवल*



बुटवल-भैरहवा औद्योगिक कोरिडोरका १८ उद्योगले ट्रंकलाइन र डेडिकेटेड विद्युत् महसुल विवादमा यहाँको समस्या फरक भएको तर पूर्वी नेपालका ठूला उद्योगको विवादसँग जोडेर हेरिंदा अन्यायमा परेको गुनासो गरेका छन्। १८ मध्ये ६ उद्योगमा भैरहवा-पुरानो र भैरहवा न्यू फिडरको लाइनमा लोडसेडिङको समयमा विद्युत् प्रवाह नै नभएको प्राधिकरणको बुटवल ग्रिड महाशाखाको लगसिटले समेत पुष्टी गरेको अवस्थामा जबरजस्ती विना आधार र प्रमाण ट्रंकलाइन महसुल तिराउन खोजिनु अन्याय भएको उनीहरुको दाबी छ।

बुटवल-भैरहवा कोरिडोरमा सञ्चालित गोयनका फुड्स, घराना फुडस, श्याम प्लाष्टिक उद्योग, भलबारी स्वचालीत चामल कारखाना, एस.आर फुड्स र सिद्धार्थ पेट प्लाष्ट उद्योगले आफूहरु २३ वर्षदेखि भैरहवा-पुरानो र भैरहवा-न्यू २ फिडरमार्फत् ३३ केभी औद्योगिक विद्युत् कोरिडोर प्रसारण लाइनबाट विद्युत् खपत गर्दै आएकाले ट्रंकलाइनमा नै नपर्ने दाबी गरे।

अरु १२ वटा उद्योगको हकमा नेपाल विद्युत् प्राधिकरणको भैरहवा वितरण केन्द्रले प्राविधिक अस्पष्टता र आफ्नो आन्तरिक लोड व्यवस्थापन तथा फेज सिक्वेन्स सन्तुलित गर्ने क्रममा सो कोरिडोरमा ट्रंकलाइन प्रशारण भएको बताएको थियो। 'नेपाल विद्युत् प्राधिकरण विद्युत् महसुल संकलन विनियमावली २०७३ को विनियम ५(५) मा ३३ केभी ट्रंकलाइन तथा ११ केभी रिंग मेन फिडरवाट नयाँ ग्राहकलाई विद्युत् आपूर्ति गरिने छैन। अर्को व्यवस्था नभएसम्मको लागि ट्रंकलाइनबाट आपूर्ति लिइरहेका कुनै ग्राहकले उक्त लाइनबाट २० घण्टा वा सोभन्दा बढी समय डेडिकेडेट फिडर सरह विद्युत् आपूर्ति लिन चाहेमा डेडिकेडेट फिडर सरहको महशुल तिरी लिन सक्नेछन्। यस्तो सेवा लिने स्वीकृतिको लागि निवेदन पर्न आएमा डेडिकेटेड लाइन सरह प्राधिकरण सञ्चालक समितिबाट स्वीकृति लिनु पर्नेछ' भनि उल्लेख गरिएको छ। ट्रंकलाइनबाट विद्युत् लिन उद्योगले निवेदन दिई प्राधिकरणको सञ्चालक समितिबाट स्वीकृत हुनुपर्ने कानुनी व्यवस्था रहेकोमा कोरिडोरका उद्योगहरुले माग नै नगरेका र प्राधिकरणबाट कुनै निर्णय नभएको स्पष्ट पारेका छन्। ट्रंकलाइनबाट विद्युत् खपत गर्ने सम्बन्धमा कुनै सहमति तथा सम्झौता पनि नभएको उद्योगीले बताएका छन्। माग नगरेको,४ वर्षसम्म अतिरिक्त महसुलको बिल नआएको र नियमित महसुल तिर्दै आएकाले ४ वर्षपछि ६७ प्रतिशत महँगो महशुल जोडेर बिल पठाउनु आफैंमा शंकास्पद भएकाले छानवीन हुनुपर्ने उद्योगीको माग छ।

'विद्युत् प्राधिकरणले आफ्ना सञ्चालक भक्तबहादुर पुनको संयोजकत्वमा २०७५ चैत २९ गते गठन गरेको छानबिन समिति र कार्यकारी निर्देशक कुलमान घिसिङले सार्वजनिक लेखा समितिलाई २०७६ जेठ ६ गते पठाएको विवरणमा यहाँका ६ उद्योगहरुको कुनै विषय उल्लेख नभएकाले ट्रंकलाइन नभएको स्पष्ट हुन्छ,' भलबारी स्वचालीत चामल कारखानाका सञ्चालक उद्योगी चन्द्रमान श्रेष्ठले भने-'हामीले नियमित रुपमा बिलअनुसारको भुक्तानी गर्दै आएकोमा २०७७ साउनमा आएर एक्कासी २०७२ साल भदौदेखिको छूट बिल भन्दै ३५ दिने म्यादसहितको बक्यौता रकम तिर्न पत्राचार गरेको विवादलाई गिरिशचन्द्र लालको अध्यक्षतमा गठित जाचँबुझ आयोगको अध्ययनमा समेत समावेश नभएकाले हामीले ट्रंक लाइन प्रयोग नगरेको थप पुष्टी हुन्छ।'

प्राधिकरणका सञ्चालकको पहिलो र दोस्रो प्रतिवेदनमा तथा कार्यकारी निर्देशकले लेखा समितिमा बुझाएको विवरणमा समेत ट्रंकलाइन उल्लेख नभएका ६ वटा उद्योगहरुलाई ट्रंकलाइनको विलिङ गर्नु न्यायसम्मत नरहेको श्रेष्ठले बताए। 'यहाँका ६ वटा खाद्य र प्लास्टिक उद्योगले प्रयोग गर्ने विद्युत ट्रंकलाइनमै पर्दैन, अन्य १२ वटा उद्योगले समेत ट्रंकलाइनको माग गरेको, प्राधिकरणबाट स्वीकृत भएको र खपत गरेको होइन,' श्रेष्ठले भने-'तर हामीलाई खासगरी पूर्वतिरका र अन्यत्रका उद्योग जस्तै ठानेर जबरजस्ती ट्रंकलाइन खपत गरेको प्रचार गरियो, जुन कुनै तथ्य र प्रमाणले पुष्टी गर्दैन।'

२०७६ मा आफ्नो उद्योगको नाममा ४७ लाख बक्यौता देखाइएकोमा अहिले जरिवाना जोडेर झण्डै पौने एक करोड रुपैयाँ पुर्‍याइएको भन्दै उनले प्रयोग नै नगरेको विद्युत्को महशुल तिर्न नसक्ने बताए।

विद्युत् महशुल विनियमावली २०७३ को विनियम ५(५) बमोजिम, विद्युत् उपभोग गर्न प्राधिकरण सञ्चालक समितिमा निवेदन दिई स्वीकृत भएको ग्राहक उपभोक्ताले मात्र अनुसूची १ (क) सरहको महशुल बुझाउनु पर्ने हुन्छ। यहाँका ६ उद्यागीहरुले ट्रंकलाइनका लागि कुनै किसिमको निवेदन, माग, स्वीकृती तथा खपत समेत नगरेको बताएका छन्। 'हामीले ट्रंकलाइन विद्युत् खपत गरेको विवरण रहने टीओडी मिटरको विवरण उद्योग प्रतिष्ठानलाई उपलब्ध गराउन बारम्बार माग गर्दा पनि प्राधिकरणले देखाउन नसक्नु भनेको हामीले माग र खपत दुबै नगरेको प्रमाण हो,' पञ्चकन्या समूहका महाप्रबन्धक देबेन्द्र साहूले भने-'यहाँका १८ उद्योगले ट्रंकलाइन मागेकै छैनन्, प्राधिकरणका भैरहवा बुटवल वितरण केन्द्रका तत्कालीन प्रमुखहरुले जबरजस्ती बिलिङ गरेका हुन्, यसबारे छानवीन हुनुपर्छ।'

» बाँकी ३ पेजमा

# आइसीपी निर्माण तीब्र, ५० प्रतिशत काम पूरा

**१५ वर्षअघि नै नेपालतर्फ जग्गा अधिग्रहण गरिए पनि भारततर्फ जग्गाको कुरा नमिलेपछि आईसीपी निर्माणमा ढिलाइ भइरहेको थियो। अब भने समयावधि भित्रै सक्ने लक्ष्य रहेको छ।**

**मोहम्मद हबिब**

*भैरहवा*



नेपाल-भारत सिमा नाका भैरहवामा निर्माणाधीन एकीकृत भन्सार जाँच चौकी (आइसिपी) को काम ५० प्रतिशत सकिएको छ।

सन् २००५ मा नेपाल-भारत सरकारबीच सम्झौता भई जमिन बाहेक प्राविधिकसहितको सम्पूर्ण निर्माण कार्य भारत सरकारको लगानीमा निर्माण हुने सम्झौता भएकोमा १८ वर्ष भैरहवामा आइसीपी निर्माण सुरु भएको हो। गत वर्षबाट २६ मे २०२३ मा काम सुरु गरेको निर्माण कम्पनीले हाल सम्म आधा प्रगति हासिल गरेको छ। अहिले निर्माण कार्य द्रुत गतिमा आगाडि बढेको छ। निर्माण सुरु भएको १५ महिनाको अवधिमा फिल्डमा ५० प्रतिशतभन्दा बढी काम सम्पन्न भएको परामर्शदाता राईट्स लिमिटेडका योजना प्रमुख नितिन श्रीवास्तवले जनाकारी दिए। राईटस् भारत सरकारको आधिकारिक योजना बनाउने कम्पनी हो। सो कम्पनीले सरकारी आयोजनाको डिजाइन गरी निर्माणको काम अन्य कन्ट्रक्शनलाई दिने गर्छ। आइसीपी निर्माणको काम सन् २०२५ मे २५ तारिखमा सक्ने ठेक्का सम्झौतामा उल्लेख छ।

आइसीपी निर्माणका लागि भारतीय कम्पनी के.एस.एम. वसिर मोहम्मद एण्ड सन्स, लखनउ कम्पनीले १ अर्ब ६१ करोड ७६ लाख भारतीय रुपैयाँमा (भारु) मा ठेक्का लिएर यसको काम गरिरहेको छ। सम्झौताअनुसार उक्त ठेकेदार कम्पनीले दुई वर्षभित्रमा काम सम्पन्न गरिसक्नुपर्नेछ। आइसीपी निर्माणका लागि नेपालतर्फ ५२ विघा जमिन १७ वर्ष अघि नै अधिग्रहण गरिएको थियो। आईसिपी निर्माणमा समन्वयकारी भूमिका शहरी विकास तथा भवन निर्माण विभाग संघीय आयोजना कार्यान्वयन इकाई, भैरहवाले गरीरहेको छ। निर्माणमा कुनै समस्या आए समाधानका लागि सम्बन्धित निकायमा सोही कार्यालयमार्फत् जाने गरेको छ।

१५ वर्षअघि नै नेपालतर्फ जग्गा अधिग्रहण गरिए पनि आइसीपी निर्माणको काम अगाडि बढ्न सकेको थिएन। भारततर्फ जग्गाको कुरा नमिलेपछि आइसीपी निर्माणमा ढिलाइ भइरहेको थियो। भैरहवा भन्सार कार्यालयभन्दा करिब डेढ किलोमिटर पश्चिमतर्फ भारतीय भूमि भारतले अधिग्रहण गरे पछि अहिले दुबैतर्फ आईसीपीको निर्माणले तीब्रता पाएको छ।

देशको दोस्रो ठूलो नाकाको रुपमा रहेको भैरहवा भन्सारलाई व्यवस्थित गरी एकिकृत जाँचको लागि दुई वर्षमा काम सम्पन्न गरी नेपाल सरकारलाई हस्तान्तरण गर्ने गरी सम्झौता गरिएको छ। नेपाल-भारत सरकारबीच भएको सम्झौता अनुरुप गत २६ मे २०२३ मा काम सुरु गरेको निर्माण कम्पनीले १५ महिनामै १२ पटा विभिन्न भवनको ५० प्रतिशत काम सम्पन्न गरिसकेको आयोजना प्रमुख श्रीवास्तवले बताए।

'प्रशासनिक भवन, वेयरहाउस, अध्यागमन, सुरक्षा भवन, क्वारेन्टिन भवनलगायतका विभिन्न १२ वटा भवनको संरचना निर्माण सम्पन्न भएको छ,' उनले भने -'पार्किङको काम करीब ८० प्रतिशत सम्पन्न भएको छ, हामी समय अगावै काम सम्पन्न गरी नेपाल सरकारलाई हस्तान्तरण गर्ने योजनामा छौं।'

नेपालगञ्ज, विरगञ्ज र विराटनगर भन्सार एकीकृत केन्द्रको निर्माण सम्पन्न गरिसकेको राईट्सले तीन ठाउँको अनुभवलाई यहाँ लगाउने मौका मिलेकाले भैरहवा भन्सार एकीकृत केन्द्र देशकै उत्कृष्ट बन्ने राईट्सका आयोजना प्रमुख श्रीवास्तवले दाबी गरे।

पहिलो चरणको भौतिक पूर्वाधारका सबै कामसँगै दोस्रो चरणको फर्निसिङ्गसहितको काम पनि समानान्तर रुपमा सम्पन्न गर्नका लागि योजना बनाएका छौं, दोस्रो चरणको कामका लागि अनुमानित ७ करोड ३५ लाख भारु लाग्ने र सो को टेण्डर पनि केही समयमै गर्ने र राईट्सले नेपाल सरकारलाई हस्तान्तरण गर्ने श्रीवास्तवले बताए।तयारी अवस्थामा रहेको आइसीपीमा अन्य मेसिन जडान, खानेपानी, विद्युत् व्यवस्थापन लगायत सञ्चालनको जिम्मा नेपाल सरकारले लिनेछ।

नेपाल-भारतबिच हुने आयात निर्यात सहज रुपमा गराउने उद्देश्यले सन् २००७ मा आइसीपी निर्माणका लागि दुई देशबिच हस्ताक्षर भएको थियो। सम्झौताअनुसार भैरहवासहित विरगन्ज, विराटनगर र नेपालगञ्ज नाकामा आइसीपी निर्माण गर्ने थियो। नेपाल सरकारले जग्गा उपलब्ध गराउने तथा भारतीय पक्षले प्राविधिक तथा पूर्वाधार निर्माण गर्ने संझौता भएको थियो। संझौताअनुसार वीरगञ्ज, विराटनगर र नेपालगंजमा निर्माण सम्पन्न भै सञ्चालनमा आइसकेको छ। चौथो चरणमा यहाँ आइसीपी निर्माण भैरहेको छ। ३५ दशमलव ११ हेक्टरमा फैलिएको आइसीपीमा २२.५४ हेक्टर क्षेत्रफल प्रयोग हुनेछ।

जसमा सिमासँग सम्बन्धित सबै भौतिक पूर्वाधार निर्माण गरिंदैछ।

» बाँकी ३ पेजमा




# सम्पादकीय

## अब्बल रूपन्देही

रूपन्देही जिल्ला प्रशासन कार्यालय देशमै उत्कृष्ट घोषणा भएको छ। कार्यसम्पादनमा गृह मन्त्रालयले तोकेको मापदण्डअनुसार उत्कृष्ट सम्पादन गरी रूपन्देही पहिलो भएको हो। गृह मन्त्रालयले हरेक वर्ष ७७ वटै जिल्ला प्रशासन कार्यालयसँग कार्यसम्पादन सम्झौता गर्छ। आर्थिक वर्ष २०८०/०८१ मा भएको कार्यसम्पादन सम्झौता मूल्यांकनमा ७७ जिल्लामध्ये रूपन्देही जिल्ला प्रशासनले ९८ अंक ल्याउन सफल भयो।

जिल्ला प्रशासन कार्यालय भनेको जिल्लाका सबै कार्यालयको मियो हो। यो कार्यालयको आन्तरिक कामको चाप छँदैछ, त्यसैगरी जिल्लाभरका कार्यालयसँग समन्वय र सहकार्य गर्नुपर्ने जिम्मेवारी छ। अझ तहगत सरकारको अभ्यास भइरहेको बेला तीनै तहका सरकार मातहत रहेका कार्यालयसँग समन्वय गरी कामकाज छरितो र चुस्त बनाउन सहजीकरण बनाउने जिम्मेवारी छ। जिल्लाको शान्ति सुरक्षाको व्यवस्थापनदेखि जिल्लाका कार्यालयले कार्यसम्पादनका क्रममा कुनै समस्या आइपरे सहजीकरण गर्ने जिम्मेवारी पनि भएकाले कामको चाप छ। यी सबै कामको चुस्त व्यवस्थापन गरी उत्कृष्ट हुनुलाई प्रमुख जिल्ला अधिकारीको नेतृत्व कौशल मान्नुपर्छ। कार्य सम्पादन सम्झौता र मूल्याङ्कनले जवाफदेही बन्न प्रेरित गर्छ। काममा प्रतिस्पर्धा हुँदा सेवाग्राहीले लाभ लिन पाउँछन्। सरकारी कार्यालयबाट हुने कामकाजबाट सेवाग्राही जति सन्तुष्ट हुन्छन्, राज्यप्रति उनीहरुको भरोसा र विश्वास बढ्छ। राज्यप्रति भरोसा र विश्वास बढ्नु भनेको राजनैतिक प्रणालीप्रति अपनत्व बढ्दै जानु हो। अहिले नागरिकले हरेक कार्यालयबाट छिटोछरितो र चुस्त सेवा उपलब्ध हुनुपर्छ भन्ने अपेक्षा राख्छन्। कुनै कमजोरी भए त्यसप्रति प्रश्न उठाउँछन्।

नागरिकको यो खबरदारीले राज्यका निकायलाई जवाफदेही र जिम्मेवार बन्न प्रेरित गरेको छ। नेपालको प्रशासन संयन्त्र अझैं नागरिकमैत्री बन्न नसकेको, राणाकालीन र पञ्चायतकालीन मानसिकता कायमै रहेको टिप्पणी हुन्छ। राजनैतिक आन्दोलनले गरेको परिवर्तनप्रति प्रशासन संयन्त्रले आत्मसात गर्न नसकेको पनि बेलाबखत छलफल र बहस हुँदै आएको छ। परिवर्तनको आन्दोलनमा लागेको राजनैतिक नेतृत्वमा हुने हुटहुटी कर्मचारी संयन्त्रमा नहुँदा नागरिकका तमाम गुनासा छन् र ती गुनासा हुनु स्वाभाविकै हो। कर्मचारी संयन्त्रलाई परिवर्तनको मार्गमा हिडाउन नसक्नु राजनैतिक नेतृत्वको पनि कमजोरी हो। संविधान कार्यान्वयनको महत्वपूर्ण कडी संघीय निजामती ऐन अझैं बन्न सकेको छैन। संघीय प्रहरी ऐन नआउँदा प्रहरी प्रशासन खलबलिएको छ। राजनैतिक र कर्मचारी नेतृत्वबिचमा संयोजनको खाँचो छ।

रूपन्देही जिल्लाले पाएको यो उत्कृष्टता आगामी वर्षहरुमा पनि कायम राख्न सक्यो भने जवाफदेही बन्ने संस्थागत प्रयास अझैं सबल हुँदै जानेछ। प्रमुख जिल्ला फेरिने बित्तिकै अहिलेको उत्कृष्टता ओरालो लाग्यो भने निराशाका दिन सुरु हुनेछन्। तसर्थ, रूपन्देही जिल्ला प्रशासन कार्यालयलाई अब्बल काम गर्नका लागि प्रेरित गरौं। यहाँको अब्बल काम अरु जिल्ला प्रशासन कार्यालयका लागि पनि प्रेरणादायी छ।

# सस्तो लोकप्रियताका लागि फेसनेवल दुनियाँ



विन बहादुर कुँवर

*केही वर्ष टेलिभिजनको पर्दाबाट जे जति बुझियो र भनियो वास्तवमा त्यो पनि सबै घण्टी पार्टीका नेता रवि लामिछानेको स्टनवाज वा चटक नै रहेछ। पुष्टि अहिले भइसकेको छ। पटक-पटक यो राज्य सत्ताको गृहमन्त्री भइसक्दा पनि ती सबै बोलीको समाधान खोई ? अझ लाजमर्दो अचम्मत पटक-पटक गृहमन्त्री नै भई टोपलिसकेका व्यक्ति समेतलाई अझ पनि त्यस्तो समस्या बुझ्न केही दिन सार्वजनिक निजी गाडी सवार गर्न लाज लाग्दैन।*

विश्व अहिले फेसनेवल दुनियाँको चक्करमा छ। दुनियाँ सबैको लबाई खुवाई दिनचर्या सबै यसैमा रमाइरहेको छ। विश्वको आर्थिक, सामाजिक र राजनीति समेत यसैमा भर परिरहेको छ। यो वास्तविकतामा भन्दा बढी फेसन प्रचारप्रसार र विज्ञापनमा आधारित छ। सत्य र यथार्थ के हो ? बुझ्ने र खोज्ने फुर्सद नै छैन। अझ भनौं कसैलाई चाहना नै छैन। जे तत्काल सामुन्नेका देख्यो र बुझ्यो त्यही नै उनको लागि सत्य सावित भइहाल्छ। भूत र भविष्यसँगै उनको कुनै मतलब नै छैन। खाली वर्तमान भए पुग्छ। आज भए पुग्यो भोलिको कुनै मतलब नै छैन। वास्तवमा हरेक समस्याहरु भूत, वर्तमान र भविष्यसँग एकाकार भएका छन्। भूत विनाको वर्तमान र वर्तमान विनाको भविष्य सम्भव नै छैन। तर वर्तमान दुनियाँ भूत र भविष्यलाई बेवास्ता गर्दै खाली वर्तमानका लागि मात्रै केन्द्रित हुँदैछ। जसका लागि माथि भने जस्तै फेसनेवल दुनियाँ जरुरी छ। यसको प्रभाव आज राजनीतिमा पनि बढ्दो छ।जल्ली खाउ जल्दी मरौ। यसको कुनै सीमा र धैर्यता छैन। यान्त्रिक र कम्प्युटर विज्ञानमा जस्तै तत्काल समस्याको समाधान हरेकमा हरेकलाई चाहिएको छ। तर यो सामाजिक विज्ञानमा लागू हुँदैन। यसमा त विगतका अध्यायन र मूल्यांकन अनि वर्तमानको आंकलन र भविष्यको परिणाम हुन्छ। यसका लागि लामो समय र धैर्यताको आवश्यकता पर्दछ।

अहिले नेपालको राजनीतिमा यस्तै तत्काल परिणामको चाहना खोज्नेहरुको संख्या बढ्दो छ। विगत वर्तमान र भविष्यका कुरा गर्नेहरुलाई उनीहरुले पुराना पुरातनवादी र पिछडिएका भन्न थालेका छन्। २१औं शताब्दीको विज्ञान र प्रविधिको युगको चर्चा गर्दै आधुनिक युगको अवधारणा भन्दै विभिन्न धारणाहरु अघि सार्ने प्रयत्न गरिरहेका छन्। मार्क्सवाद-लेनिनवाद र माओवाद सबै पुराना भए, अब यी सिद्धान्तबाट विश्व क्रान्तिको समाधान हुन सक्दैन नयाँ सिद्धान्त-विचार अनि नयाँ आर्थिक, सामाजिक र राजनीतिक नीति कार्यक्रम जरुरी भएको बताइरहेका छन्। उत्तर आधुनिकतावाद यसैको उपज हो। चरम उपयोगवाद यसैको दुष्परिणाम हो। प्रत्येक राष्ट्रको राष्ट्रियता र स्वाभिमान तपसिलको विषय हो मूल कुरा तत्काल हरेक मान्छेहरुका सबै इच्छा आकांक्षा पूरा भई हाल्नु पर्‍यो। मै खाउ मै लाउ यसको नितान्त व्यक्तिगत विचार हो। वाद, सिद्धान्त, विचार धर्म कर्म रीतिरिवाज सबै फाल्तु कुराहरु हुन्। कथित आधुनिकताको नाममा यो जे भइरहेको छ यसले मानव जातिको मात्रै होइन सम्पूर्ण प्राकृतिक जगतकै विनास निम्ताइरहेको छ। हामी पुराना पिढीहरुले यसको वैचारिक रुपले चिरफार गर्दै वास्तविकता के हो ? नयाँ पिढीलाई बुझाउन ढिला भइसकेको छ।

यसको साथै अहिले हाम्रो समाजमा अर्को अति नराम्रो प्रवृत्ति देखा पर्दैछ। त्यो हो 'स्टनवाज' अर्थात् सस्तो लोकप्रियता अझ भनौ चटकेपन। खुला मैदानमा एउटा चटकेले जसरी डमरु बजाएर मान्छेलाई आकर्षित गर्दै आफ्नो माल हाँसो ठट्टा गरी बेचिरहेको हुन्छ। त्यसैगरी नेपालका सिधासाधा गरिब-निमुखा जनतालाई आफ्नो तत्कालीन सस्तो लोकप्रियता र फाइदाका लागि नेपालका थुप्रै राजनीतिक नेताहरुले यस्तै राजनीतिक चटकेपन प्रस्तुत गर्दै आइरहेका छन्। हालै रास्वपा घण्टी पार्टीका नेताहरुले आआफ्ना करोडौं बराबरका भीआइपी कार गाडीहरुलाई केही दिन घर नै थन्काएर सार्वजनिक निजी यातायातका साधनहरुमा यात्रा गरिरहेको भिडियो रिलहरु सार्वजनिक गरिरहेका छन्। यसले सबैलाई अचम्मित पारेको छ। पूर्व गृहमन्त्री अनि विभिन्न मन्त्रालयका मन्त्रीहरु समेत भइसकेका सभासदहरु समेत यसरी राजधानीका विभिन्न सार्वजनिक निजी सवारी साधनमा हिंड्डुल गरेको र त्यहाँ बसी देश र जनता अनि सवारी साधनमा जनताले भोग्नु परेको दुःख सास्ती र समस्याहरुको बारेमा बुझ्दै गरिरहेको अनलाइन भिडियो टेप वार्ताले सबैको ध्यान आकर्षित गराएको छ।

कतिपयलाई त यस्तो लागेको छ कि नेता हुनु त यस्तो पो हुनु। जनताको पिरमर्का बुझ्न 'ओन द स्पोर्ट' अर्थात् जनता जहाँ छन् त्यही गई बुझ्नु र जान्नु। कस्तो जनमुखी सोच र विचार ? तत्कालका लागि यसले सबैलाई केही राहतको महसुस गराएको होला। तर दिन बित्दै जान्छन्। समस्या जस्ताको तस्तै झन् पछि झ्न विकराल। फेरि त्यस्ता मन्त्री-सांसद आउलान् कुर्दा कुर्दा वर्षौं बित्छ। कहिले काहीं अक्कल झुक्कल ती नेता मन्त्री देखिए पनि आफ्नै करोडौं करोडका दामी कारमा घुइकिरहेका हुन्छन् या संसदीय सदनको कुर्सीमा टेलिभिजनको पर्दाबाट देखिएका हुन्छन्। यसमा पहिलो स्टनवाज वा चटक त यो नै छ कि यी जो सुकै नेता मन्त्रीहरु हुन् यी कुनै पनि यहाँ एकाएक आकाशबाट वा स्वर्गबाट झरी आएकै होइनन्। यही देश र समाजकै उपज हुन्। अर्थात् यस्तै नेपाली आमा बुबाकै छोराछोरी हुन्। यही जन्मे हुर्के र पढेलेखे। हो, अलि बढी पढ्न लेख्न विदेश पनि गए होलन्। तर नेपालको वास्तविक वस्तुगत स्थिति बुझ्न र जान्न एकआध दिन मात्र यसरी कार्यक्रम नै बनाएर केही गाडी केही सडक धाउनै पर्दैन। विभिन्न सञ्चार माध्यमहरुले दिनहुँ यस्ता अनेकौं समाचार दृश्य प्रचारप्रसार गरिरहेका छन्। हलेतो भनी चिनिसकेपछि कोट्याई हेर्नै पर्दैन। यो सब जानी बुझी पनि कोट्याउन खोज्नु त्यो अनाडि मूर्खतापन यो यस्तै स्टनवाज चटके हो।

वर्तमान यो देश र जनताको पीरमर्का र समस्या बुझ्न अनि त्यसको समाधान गर्न त्यति सजिलै छैन। केही वर्ष टेलिभिजनको पर्दाबाट जे जति बुझियो र भनियो वास्तवमा त्यो पनि सबै घण्टी पार्टीका नेता रवि लामिछानेको स्टनवाज वा चटक नै रहेछ। पुष्टि अहिले भइसकेको छ। पटकपटक यो राज्य सत्ताको गृहमन्त्री भइसक्दा पनि ती सबै बोलीको समाधान खोई ? अझ लाजमर्दो अचम्मत पटक पटक गृहमन्त्री नै भई टोपलिसकेका व्यक्ति समेतलाई अझ पनि त्यस्तो समस्या बुझ्न केही दिन सार्वजनिक निजी गाडी सवार गर्न लाज लाग्दैन। आमाको दूध चुसेर भएन बाबाको घुँडा चुस्ने भनेको यही हो। बरु सत्य के होभने वर्तमान राज्य सत्ताको स्वरुपलाई जसरी बाहिरबाट देखिन्छ र बुझिन्छ त्यो यथार्थमा त्यहाँ गइसकेपछि त्यस्तो हुँदोरहेनछ। जे भनी र बुझी त्यहाँ गइएको थियो त्यो त्यहाँबाट सम्भव रहेनछ। त्यसैले अब त जनतासँग यस प्रकारको उत्याउलो स्टनवाज गर्न होइन बरु क्षमायाचना गर्न जानु पर्ने हुन्थ्यो त्यहाँ। तर अब जे गरे पनि यिनीहरु जनताका अगाडि नाङ्गिसकेका छन्। सस्तो लोकप्रियता, जालझेल, षड्यन्त्र र धोकाघडी धेरै दिन टिक्दैन। जसरी घण्टी पार्टी घण्टी बजाउँदै जनतामा आयो अब त्यसैगरी छिट्टै शंख बजाउँदै जनताबाट मसानघाट पुर्‍याइदैछ।

एउटा उखान छ कस्ता कस्ता कहाँ गए मुसाका छोरा दरबार। ठीक यो घण्टी पार्टीका नेताहरुमा पनि लागू हुन्छ। नेपालको पुरानो ने.का. र नेकपा इतिहासमा यिनीहरुको आजको स्थिति अनि अहिले माओवादी केन्द्रको पनि हेर्दा यस्ता स्टनवाज यी दल र दल नेताहरुबाट पनि धेरै भयो। यी सबै असफल। जनताबाट तिस्कृत। अस्तित्व धान्न धौ धौ। २००७ साल ने.का.को फौजी संघर्ष, २०२८ सालको झापा विद्रोह, अनि १० वर्षे माओवादी जनयुद्धबाट स्थापित दलहरुको हालत त यस्तो छ भने टेलिभिजन पर्दाबाट उदाएको पार्टीको अवस्था झन् कस्तो होला ? कांग्रेस-एमाले पार्टी नेताहरुले पनि कम्ति स्टनवाज गरेनन ? अनेकौं नारा, अनेकौं नीति कार्यक्रम गरे र अझ पनि गर्दैछन्। संसदीय गणितमा अहिले पनि दुईतिहाई बढी बहुमत छ। तर प्रम ओली एउटा विद्युत् कर्मचारी कुलमान घिसिङसँग पैंठीजोरी खेल्दैछन्। प्रम ओलीको सरकारी आदेशलाई उनले बेवास्ता मात्रै होइन तिरस्कार नै गरिसकेका छन् भने अझ नेपाली सेना-पुलिस, अड्डा अदालतले ओलीलाई के टेर्लान् ? सरकार देउवा-ओलीको तर राज्य सत्ता सेना पुलिस अड्डा अदालतको यथार्थ यही नै छ। सत्ता नेपाली सेना पुलिस र अड्डा अदालतको भए मात्र त ठिकै होला तर यसका पछाडि अरु कुनै अदृष्य देशी तथा विदेशी शक्ति केन्द्रहरुको हात पनि छ कि ? गम्भीर चिन्ताको विषय यो पनि छ।

अब यहाँ केही यस्ता स्टनवाज अर्थात् चटकेका कुरा गरिरहँदा पूर्व माओवादी केन्द्रका नेता डा. बाबुराम भट्टराईको बारेमा पनि केही कुरा गर्दा राम्रै हुनेछ। १० वर्षे माओवादी जनयुद्धको त्यति ठूलो राप र तापबाट सत्तामा आएको दोस्रो ठूलो माओवादी नेता डा. बाबुराम भट्टराई प्रधानमन्त्री भइसकेपछि उनी सवार गर्ने गाडी त्यतिबेलाको मुस्ताङे जीप भएको बताइयो। त्यसमा प्रम भट्टराईको भनाइ थियो- स्वदेशी यातायातका साधनको उपयोग, सबर्द्धन र विकासका लागि गरिएको एउटा क्रमभंगता। सबै छक्क र अचम्म ? जनताको ठूलो समर्थन र आवाज थियो स्याबास प्रम बाबुराम। पहिलो अर्थमन्त्रीको इमेज त्यसमा पनि प्रधानमन्त्री भइसकेपछि हुने बिरुवाको चिल्लो पात भने जस्तै यो स्वदेशी यातायातको साधनको उपयोगले प्रम भट्टराईको प्रशंसाले आकाश नै छोयो। करोडौं करोडौंको गाडीको विकल्पमा १५-२० लाख मात्र पर्ने मुस्ताङे स्वदेशी जीपको उपयोग कस्तो आर्थिक किफायती सोंच ? दुनियाँ अचम्मित। तर केही दिनपछि थाहा भयो त्यो त केवल मुस्ताङ्गे गाडीको विज्ञापन मात्रै पो रहेछ ? केही दिन पछि त प्रम डा. साहेव त तिनै विदेशी करोडौंका गाडीमा घुइकिदै हिडिरहेका देखिए।

त्यस्तै अर्को प्रम डा. भट्टराईको व्यक्तिगत कार्यक्रम महिनाको एक दिन प्रधानमन्त्री जनतासँग पनि थियो। जसमा एक दिन प्रम बाबुराम गाउँले गरिब किसान-मजदुरहरुको घर आँगनमा जाने र त्यहीं बसी खाने, भेटघाट, समस्याको आदानप्रदान आदि कार्यक्रम राखिएको थियो। तर यो सब खाली केही दिनको लोक रिजाई मात्र भयो।

अनावश्यक त्यहाँका गाउँले जनतालाई मात्र होइन, सरकारी कर्मचारी सेना, पुलिसलाई समेत सास्ती भएको देखियो। यसरी यस्ता स्टनवाज अर्थात् सस्तो लोकप्रियता सत्ताधारी सबै दल नेता मात्र सबैबाट हुँदै आएको छ। प्रम केपी ओलीको आजभन्दा तीन चार वर्ष पहिले नै भएको धरहरा उद्घाटन जबकि अहिलेसम्म पनि त्यसको पूर्ण निर्माण भइसकेको छैन। पानी जहाज, रेल अनि प्रत्येक गाउँ, नगर स्वास्थ्य अस्पताल र स्वास्थ्य बिमा आदि पनि यस्तै स्टनवाज उपज हुन्। अन्त्यमा बच्चा जन्मने कहिले हो कहिले कोक्रो बुन्ने अहिले भने जस्तैको स्टनवाज सबैमा देखिदै आएको छ।

# नेप्से परिसूचक उकालो यात्रामा



काठमाडौं। धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक बिहीबार सामान्य अङ्कले उकालो लागेको छ। नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक छ दशमलव ७० अङ्कले उकालो लागेर दुई हजार सात सय ६६ दशमलव ३८ मा पुगेको छ। ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक शून्य दशमलव २१ अङ्कले उकालो लागेर चार सय ८३ दशमलव ६८ मा पुगेको छ। कारोबार भएका कूल १३ उपसमूह मध्ये छ उपसमूहको शेयर मूल्य उकालो लाग्दा सात उपसमूहको शेयर मूल्यमा भने गिरावट भएको छ।

नेप्सेका अनुसार, पाँच करोड नौ लाख ४६ हजार आठ सय ३२ कित्ता शेयर रु २० अर्ब सात करोड चार लाख ३४ हजार एक सय तीन मूल्यमा खरिद बिक्री भएका छन्। नेप्सका अनुसार विभिन्न छ कम्पनीको शेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ। त्यसमा कर्णाली डेभलपमेन्ट बैंक, शिवम् सिमेन्ट,घोराही सिमेन्ट, मिड सोलु हाइड्रोपावर,सोनापुर मिनरल्स र सर्वोत्तम सिमेन्ट छन्।

यस्तै, एनआरएन इन्फास्ट्रक्चर आठ दशमलव शून्य चार, सानिमा बैंकको ऋणपत्र सात दशमलव ६९, आरम्भ चौतारी लघुवित्त चार दशमलव ९३, रुरु जलविद्युत् परियोजना चार दशमलव ८४ र हाथवे इन्भेस्टमेन्टका लगानीकर्ताले चार दशमलव ५६ प्रतिशतले गुमाएका छन्।

# बेसार सेवनका २२ फाइदा

बेसार एक स्वास्थ्यवर्द्धक जडीबुटी हो। यसले शरीरका हरेक अंगलाई फाइदा पुऱ्याउँछ। त्यसैले एन्टिबायोटिक बनाउँदा समेत बेसारको प्रयोग गरिन्छ।

बेसारले मानव शरीरमा लाग्ने धेरै प्रकारको रोग निदान गर्न सक्छ। बेसारले शरीरको रोग प्रतिरोधात्मक क्षमतालाई वृद्धि गर्नुका साथै अन्य इन्फेक्सनबाट पनि बचाउँछ। विभिन्न संक्रमणबाट बँच्न सकिने हुँदा विशेषज्ञहरु नियमित बेसार सेवन गर्ने सल्लाह दिन्छन्।

हजारौं वर्षदेखि प्रयोग हुँदै आएको बेसार चोटपटकको उपचारमा समेत उपयोगी मानिन्छ। बेसारलाई नेचुलर पेन किलरका रुपमा पनि चिनिन्छ। यसले शरीरमा हुने कुनै पनि दुखाइलाई प्राकृतिक रुपमा निदान गर्छ। यस्ता बेसार सेवनबाट हुने अन्य फाइदा

- लामो समयदेखि ग्यास्ट्रिकका पीडितलाई बेसारको नियमित सेवनले पूर्ण फाइदा पुऱ्याउँछ।
- पोलेको वा घाउचोटमा बेसारको धुलो हालेमा पीडा कम हुनुका साथै निको हुँदै जान्छ।
- विभिन्न धातुबाट शरीरमा फैलिने विषबाट समेत बेसारले जोगाउछ।
- पेट र हड्डीमा हुने सम्पूर्ण समस्यामा बेसारले फाइदा पुर्याउँछ।
- मांसपेशीमा हुने पीडामा पनि बेसारपानीको सेवनले केही हदसम्म कम गर्छ।
- बेसारको नियमित प्रयोगले डिप्रेसन अर्थात् मानसिक चिन्ताको शिकार हुनबाट जोगाउँछ।
- बेसारको नियमित सेवनले स्मरण शक्तिमा वृद्धि गर्छ।
- दूध र बेसार मिसाएर सेवन गर्दा पाचन यन्त्र चुस्त रहन्छ।
- यसको सेवनले महिनावारीका बेला हुने पेटको दुखाइ समेत कम हुन्छ।
- बेसारमा करक्युमिन रहेको हुन्छ, जसले क्यान्सरको कोसिका रोक्ने क्षमता राख्दछ।
- अनिद्राको समस्यामा बेसार र दूध पिउनु लाभदायक हुन्छ।
- बेसार र दूधको मिश्रणमा क्याल्सियम बढी हुन्छ, जसले गर्दा हड्डी बलियो हुन्छ।
- धेरै पिसाब लाग्ने, पानी तिर्खा बढी लाग्ने भएमा समेत बेसार सेवन उपयोगी हुन्छ।
- मधुमेहमा बिहानबेलुका १/१ चम्चा शुद्ध बेसारको धूलो पानीसँग खाँदा फाइदा पुऱ्याउँछ।
- १/१ चिम्टी खाने खयर र बेसार तातोपानीसँग बिहानबेलुका खाए सुख्खाखोकी ठिक हुन्छ।
- दैनिक १ चम्चा ज्वानो र बेसार पानीमा पकाएर खाए रुघा पाक्छ र चाँडै आराम हुन्छ।
- रक्तचाप, मुटुसम्बन्धी समस्या र वजन घटाउन पनि बेसारको प्रयोग उपयोगी मानिन्छ।
- दिसापिसाबमा हुने सन्क्रमण घटाउन पनि बेसारको प्रयोग उपयोगी हुन्छ।
- मिर्गौलासम्बन्धी रोगमा समेत बेसार फाइदाजनक मानिएको छ।
- छालाको चमक बढाउन समेत बेसारको प्रयोग अत्यन्त उपयोगी मानिन्छ।
- नियमित बेसार सेवन गरे बुढोपना देखिँदैन।
- विभिन्न औषधिबाट हुने साइड इफेक्टलाई पनि बेसारले रोक्ने काम गर्छ।

*विभिन्न एजेन्सीको सहयोगमा*

# जलस्रोत उपयोग ऐनबारे खानेपानी समितिसँग छलफल



बुटवल । रुपन्देहीको बुटवल उप-महानगरपालिकाले जलश्रोत उपयोग ऐनबारे बुटवलभित्रका खानेपानी समितिहरुसँग छलफल गरेको छ । बुटवलभित्रका ४४ वटा खानेपानी उपभोक्ता समितिका पदाधिकारीहरुसँग जलश्रोत ऐनबारे छलफल गर्दै नयाँ व्यवस्थाअनुसार समिति सञ्चालन गर्न आग्रह गरेको हो । बिहीबार आयोजित कार्यक्रममा जलश्रोत ऐनका बारेमा अधिवक्ता घनश्याम पन्त र खानेपानी समितिको अधिकारका बारेमा ध्रुव धितालले प्रस्तुति गरेका थिए ।

कार्यक्रममा बोल्दै बुटवल उप-महानगरपालिकाका प्रमुख खेलराज पाण्डेयले बुटवलका सबै खानेपानी समितिहरुलाई नीति र विधिमा रहँदै विधानसम्मत तरिकाले सञ्चालन गर्न आग्रह गरे । उनले उपभोक्ता र समिति दुवैलाई लाभ हुने गरी र नियममा रहन मद्दत पुग्ने गरी जलश्रोत ऐन बनाएको बताए ।

उनले केही समितिहरुले मनपरी रुपमा शुल्क निर्धारण गर्ने, तोकिएको अवधिभित्र अधिवेशन र साधारणसभा नगर्ने र व्यक्तिकेन्द्रित रुपमा संस्था सञ्चालन गर्ने गरेको पाइएको र त्यस्ता गुनासाहरु आएकाले कानुनबमोजिम समितिलाई कारबाही गर्ने जनाए ।

उपप्रमुख सावित्रादेवी अर्यालले बुटवलभित्रको खानेपानीको समस्या समाधान र समितिहरुको व्यवस्थापनका लागि जलश्रोत ऐन प्रभावकारी हुने बताइन् ।

उनले समितिहरु विधिसम्मत तरिकाले सञ्चालन हुनुपर्ने बताउँदै उपभोक्ताको हित र कानुनी व्यवस्थालाई ख्याल गर्न आग्रह गरिन् । प्रमुख प्रशासकीय अधिकृत मित्रमणि खनालले बुटवलको जलश्रोतसम्बन्धी व्यवस्थालाई प्रभावकारी बनाउन र विधिसम्मत तरिकाले संस्था संचालनका लागि सहयोगी हुने गरी ऐन बनाएको बताए । कार्यक्रममा खानेपानी उपभोक्ता समितिका अध्यक्षहरुले जिल्ला विकास समितिमा दर्ता भएका समिति र नयाँ समितिलाई एउटै व्यवहार गर्न नहुने र गलत काम गर्नेलाई कारबाही गर्नुपर्ने बताएका थिए । बुटवल उप-महानगरपालिकाले गतवर्षको पुसमा राजपत्रमा प्रकाशित गरेको जलश्रोत उपयोग ऐनअनुसार ३३ प्रतिशत महिला रहने गरी उपभोक्ता समिति गठन गर्न सक्ने र त्यस्तो समिति बुटवल उप-महानगरपालिकामा दर्ता गर्नुपर्नेछ ।

बुटवलभित्र खानेपानीका लागि बोरिङ वा मुहानबाट पानी ल्याउनुपर्ने भएमा अनुमति लिनुपर्ने र शुल्कसम्बन्धी व्यवस्था नगरले तोकेको भन्दा बढी हुन नपाउने व्यवस्था ऐनमा गरिएको छ ।

# लायन्स डिष्ट्रिक ३२५ (पी)को क्याबिनेट बैठक भैरहवामा

बुटवल । लायन्स क्लब इन्टरनेशनल डिष्ट्रिक ३२५ (पी) वर्ष २०२४/०२५ को प्रथम डिष्ट्रिक क्याबिनेट मिटिङ (बैठक) तथा क्याबिनेट अफिसर सपथ ग्रहण कार्यक्रम भैरहवामा हुने भएको छ ।

बिहीबार बुटवलमा पत्रकार सम्मेलनको आयोजना गरी यही साउन २६ गते शनिबार भैरहवाको होटल सिद्धार्थ भिलासामा हुन लागेको बैठकको सम्पूर्ण तयारी पूरा भएको पिएमजेएफ (डिष्ट्रिक गभर्नर लायन्स इन्टरनेशनल ३२५ पि) पुरुसोत्तमभक्त प्रधानाङ्गले जानकारी दिए । सामाजिक उद्यमशिलताको प्रवर्द्धन गर्ने उद्देश्यले एरिया-३ सबै क्लबहरुको आयोजनामा हुन लागेको उक्त बैठकमा डिष्ट्रिक ३२५ पी का ५ वटा एरियाका करिब १ हजार ४ सय जनाको सहभागिता रहने उनले बताए । कार्यक्रम सम्पन्न गर्न लामो समयदेखि उद्यमशिलताको प्रवर्द्धनको क्षेत्रमा काम गरीरहेका लायन्स मुकुन्द ज्ञवालीलाई संयोजकको जिम्मेवारी दिइएको डिष्ट्रिक गर्भनर प्रधानाङ्गले बताए । कार्यक्रममा सहभागी हुनका लागि एक हजार ५ सय रजिष्टेशन शुल्क तोकिएको उनले बताए । सामाजिक उद्यमशिलताको प्रवर्द्धनलाई मुख्य प्राथमिकतामा राखेर कार्यक्रम आयोजना गर्न लागिएको एरिया चिफ शान्ति पाठक पाण्डेले जानकारी दिइन् ।

कार्यक्रममा लायन्स इन्टरनेशनल डारेक्टर बालकृष्ण बुर्लाकोटीको प्रमुख आतिथ्यता रहनेछ भने, कि नोट इस्पीकरको रुपमा सामाजिक अभियन्ता तथा उद्यमी खुस्बु ओली आउँदै छिन् । यस्तै कार्यक्रममा लायन्स इन्टरनेशनल जिएटी एरिया लिडर खगेद्र सिटौला, मल्टीपल चेयर काउन्सील रमेश लामा, एरिया लिडर राजन लम्साल, रुपन्देहीका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालसहित विभिन्न क्षेत्रका १५ जना वक्ताहरु सहभागी हुनेछन्। उनीहरुले सामाजिक उद्यमशिलतासम्बन्धी विभिन्न विषयमा केन्द्रित रहेर आफ्ना भनाइ अनुभव र सुझावहरु प्रस्तुत गर्ने डिष्ट्रिक सचिव माधव खनालले जानकारी दिए ।

आन्तरिक पर्यटन प्रवर्द्धन र अमुल्य सम्पदाको प्रचारप्रसारको लागि शनिबार बिहानदेखि दिउँसो १ बजेसम्म बसन्तपुर र नुवाकोट एवं जितगढी किल्लाको भ्रमण गर्ने र २ बजेपछि कार्यक्रम सुरु हुने डिष्ट्रिक गभर्नर प्रधानाङ्गले बताए ।

नेपालमा एक हजार ९९६ वटा क्लबका ४३ हजार २१३ जना सक्रिय सदस्यहरुले सामाजिक सेवाका लागि काम गरीरहेका छन् । भने ३२५ पी का १४९ वटा क्लबमा ३ हजार ३२९ जना सदस्य आबद्ध भएका छन् ।

पत्रकार सम्मेलनमा आइपीडीजी अर्जुनमान शैजू, फस्ट भिडिजी बालाराम भट्टराई, सेकेण्ड भिडिजी सन्दीप कशौधन, डिष्ट्रिकका कोषाध्यक्ष प्रकाशकुमार श्रेष्ठलगायतको सहभागिता रहेको थियो ।

## आवश्यकता सम्बन्धी सूचना ।

प्रस्तुत विषयमा सुस्ता गाउँपालिका शिक्षा शाखाको प.स.२०८१/०८२ च.न. १६८ मिति ८१/०४/२१ गतेको प्राप्त अनुमति पत्र तथा यस विद्यालयको मिति २०८१/०४/२४ गते वि.व्य.स को निर्णयानुसार मा.वि तह (सामाजिक) गा.पा अनुदान तथा मा.वि तह संघीय शिक्षण सिकाई अनुदान (गणित)तर्फ शिक्षक पदपूर्ति गर्नुपर्ने भएकोले तपसिलका योग्यता पुगेका इच्छुक नेपाली नागरिकबाट दरखास्त आहवान गरिन्छ ।

**तपसिल**

| विज्ञापन न. | ०१/०८१/०८२ | ०२/०८१/०८२ |
|---|---|---|
| पद संख्या | मा.वि.शिक्षक -१ | मा.वि.शिक्षक -१ |
| तह/विषय | मा.वि./गणित | मा.वि./सामाजिक |
| शैक्षिक योग्यता | सम्बन्धित विषयमा B.Ed. वा सो सरह उत्तीर्ण | सम्बन्धित विषयमा B.Ed.वा सो सरह उत्तीर्ण |
| नियुक्ति किसिम | शिक्षण सिकाई अनुदान करार | गा.पा. अनुदान करार |
| उमेर | १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको | १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको |
| दरखास्त दस्तुर | रु.१५००/- (रु. एक हजार पाँच सय मात्र) | रु.१५००/- (रु. एक हजार पाँच सय मात्र ) |
| तलब स्केल | नियमानुसार | गा.पा.को निर्णय अनुसार |
| परिक्षाको किसिम | लिखित तथा अन्तरवार्ता आवश्य भए प्रयोगात्मक | लिखित तथा अन्तरवार्ता, आवश्य भए प्रयोगात्मक |
| दरखास्त दिने अन्तिम मिति | मिति :- २०८१/०५/०९ गते आइतवार सम्म (विदा पर्न गए त्यसको भोलि पल्ट) | मिति :- २०८१/०५/०९ गते आइतवार सम्म (विदा पर्न गए त्यसको भोलि पल्ट) |
| सम्पर्क मितिः | मितिः- २०८१/०५/११ गते मंगलवार | मितिः- २०८१/०५/११ गते मंगलवार |
| आवश्यक कागजातहरु | क) हस्तलिखित निवेदन<br>ख) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिनिपि<br>ग) निरोगिताको प्रमाणपत्र<br>घ) अनुमतिपत्रको प्रमाणित प्रतिनिपि<br>ङ) अध्यायपन अनुमति प्रमाण पत्र को प्रमाणित प्रतिलिपि | क) हस्तलिखित निवेदन<br>ख) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिनिपि<br>ग) निरोगिताको प्रमाणपत्र<br>घ) अनुमतिपत्रको प्रमाणित प्रतिनिपि<br>ङ) अध्यायपन अनुमति प्रमाण पत्र को प्रमाणित प्रतिलिपि |

**वि.पी. माध्यमिक विद्यालय बलिनगर**
**सुस्ता-५, नवलपरासी**
**सम्पर्क नं.:- ९८६७१८९६२५**

**न माग...**

ट्रंकलाइन प्रयोग गरेको टीओडी प्रमाण प्राधिकरणले देखाएमा आफूहरु बिलअनुसारको रकम तिर्न सधैँ तयार भए पनि उद्योगीहरुले विद्युत् खपत गरेर पनि महसुल तिरेनन् भन्ने गरी गलत प्रचार गरिएको महाप्रबन्धक साहुको गुनासो छ ।'यो विषयमा ४ वर्षदेखि आवाज उठाउँदै आए पनि सरकारले ट्रकलाइन लिएका अन्यत्रका उद्योगसँग जोडेर हाम्रा समस्यामा नजरअन्दाज गरेको छ,अहिले यो विषय लेखा समितिमा पनि पुगेको हुँदा यहाँको यथार्थ समस्या बुझ्न हाम्रो आग्रह छ ।'-साहूले भने ।

आफूहरुमाथि उपभोग नगरेको विद्युत्को महसुल जबरजस्ती तिराउन खोजेपछि कानूनी उपचारमा जान चाहे पनि एउटै उद्योगले करोड बढी रकम धरौटी राख्नुपर्ने विद्युत् प्राधिकरणको अप्ठेरो व्यवस्थाले सम्भव नभएको अर्का उद्योग सुमन भुसालले बताए ।

'माग नगरेको, खपत पनि नगरेको विद्युत्को महसुल भन्दै ४ वर्षपछि बिल पठाएपछि हामी आश्चर्यमा परेका थियौं, त्यतिबेलैदेखि हामी अन्यामा परेको भनेर आवाज उठाएको हो, तर कानुनी उपचारका लागि विद्युत् प्राधिकरण नै बाधक भयो,' भुसालले भने-'प्राधिकरणका कार्यकारी निर्देशकको अनुचित दबाबमा यहाँका वितरण केन्द्रले बिलिङ नगर्न भन्दाभन्दै बिलिङ गरिएको विषयमाथि छानवीन हुनुपर्छ ।'

प्राधिकरणले डेडिकेटेड र ट्रंकलाइन विवाद सम्बन्धमा जाँचबुझ गर्न सञ्चालक समिति सदस्य भक्तबहादुर पुनको संयोजकत्वमा २०७५ चैत २९ मा गठन गरेको समितिले बुटवल क्षेत्रिय कार्यलयअन्तर्गतका विवाद जाँचबुझ गर्दा आफ्नो प्रतिवदेनमा १२ उद्योगहरुको सम्बन्धमा २०७४ चैत १४ सम्म पञ्चकन्या औद्योगिक कोरिडोरमा रहेकोमा उक्त मितिदेखि नेपाल विद्युत् प्राधिकरण भैरहवाले आन्तरिक लोड व्यवस्थापन गर्न भरौलिया सवस्टेसनलाई अमुवा सवस्टेसनमा जडान गर्ने क्रममा उक्त पञ्चकन्या औद्योगिक कोरिडोर ट्रंकलाइनमा परिवर्तन हुन गएको, उद्योगीहरुले ट्रंकलाइन माग नै नगरेको उल्लेख गरेको छ । २०७५ चैत ४ गतेको नेपाल विद्युत् प्राधिकरण भैरहवा वितरण केन्द्रको आन्तरिक टिप्पणी र आदेशमा समेत साविक भैरहवा न्यू १३३ केभीए फिडरबाट विद्युत् आपूर्ती भइरहेकोमा उक्त फिडर ओभरलोड भई लोडसेडिङ्ग गर्नु पर्ने बाध्यता रहेकाले भैरहवा वितरण केन्द्रको ३३ के.भी भरवलिया फिडर अण्डरलोडमा रहेकाले भार मिलान गर्न न्यू १ फिडर भरबलिया सवस्टेसनबाट निस्केको आद्यौगिक फिडरलाई अमवा सवस्टेसन जाने लाईनमा जोडिएकाले उक्त ३३ के.भि.ए. फिडरट्रंक लाइन बन्न गएको उल्लेख छ ।

ट्रंकलाइन बन्नुभन्दा अगाडि भरवलिया फिडरबाट निस्केको ३३ के.भि. औद्योगिक सप्लाई रहेका ग्राहकहरु प्राधिकरणको लोड म्यानेजमेन्टका कारण ट्रंकलाइनमा पर्न गएकोले उक्त ग्राहकहरुको विलिङ्ग साविक कै ट्यारिफ (अनुसूची १) अनुसार बिलिङ्ग गर्न निर्णयार्थ पेश गरेको थियो । 'भैरहवा वितरण केन्द्रका कार्यालय प्रमुख, लेखा अधिकृत एवं इञ्जिनियरले गरेको सिफारिसले समेत उद्योगीहरु नै मारमा परेको तथ्य अवगत हुँदाहुँदै विना आधार ट्रंकलाइनको प्रिमियम दरमा बक्यौता बिल जारी गरी विवादको सिर्जना गरिएको छ,' नव नेपाल प्लाष्टिक उद्योगका सञ्चालक नवराज श्रेष्ठले भने-'यो समस्याको छिटो समाधान चाहेका छौं, हामीले प्रमाणका आधारमा बिल तिर्न तयार छौं, तर विना आधार प्रमाण बिल तिरेनन् भनेर दुश्प्रचारको शिकार हुन सक्दैनौं ।'

ट्रंकलाइनबाट २० घण्टा वा सोभन्दा बढी डेडिकेटेड सरह विद्युत् आपूर्ति लिएमा मात्रै प्रिमियम दरमा महसुल बुझाउनुपर्ने कानुनी व्यवस्था भएकोमा उद्योगीहरुले पटक-पटक प्राधिकरण समक्ष २० घण्टाभन्दा बढी विद्युत् खपत गरेको टीओडी डाटाको विवरण माग गर्दा समेत नदिइ जबरजस्ती प्राधिकरण नेतृत्वले सार्वजनिक स्थानमा हामीसँग प्रमाण छ भन्ने गरेको, तर अदालतबाट विवरण माग गर्दा डाटा मेटिइसकेको छ भन्ने गरेकोबाट प्राधिकरणमाथि छानवीन हुनुपर्ने उद्योगीको माग जायज भएको श्रेष्ठले बताए ।

ट्रंकलाइन माग र खपत नगरेको दाबी गरेका उद्योगहरुमा पञ्चकन्या प्लाष्टिक ईण्डष्ट्रिज, पञ्चकन्या स्टिल, एस आर स्टिल, नव नेपाल प्लाष्टिक, शुभलक्ष्मी पोलिमर्स, नेशनल रवर ईण्डष्ट्रिज, जय दुर्गा प्लाष्टिक, प्रिया प्याकेजिङ्ग, एभरेष्ट रोलिङ्ग इण्डष्ट्रिज, लुम्बिनी फ्लोर मिल र फेरो स्टिल प्रा. लि.रहेका छन् ।

**आइसीपी...**

अत्याधुनिक सुविधा सम्पन्न हुने आइसीपी क्षेत्रमा भन्सार, पार्किङ, सेड, अध्यागमन, कृषि एवं पशु क्वारेन्टाइन,यार्ड,प्रयोगशाला, सुरक्षाकर्मी व्यारेक, प्रवेशद्वार, सुरक्षा पर्खाल, बैंकलगायतको संरचना बन्ने छन् । आयाततर्फ ६ सय ९२ र निर्याततर्फ २ सय ७० वटा गरी १ हजार वटा ट्रक पार्किङ्ग गर्न मिल्ने स्थान हुनेछन् ।

नेपाल-भारत दुबैतर्फ एकै प्रकृतिका संरचना निर्माण हुनेछ । एकद्वार प्रणालीअन्तर्गतको आइसीपि सञ्चालनपछि भन्सारसम्बन्धी सम्पूर्ण सुविधा एकैठाउँमा उपलब्ध हुन्छ । फाइल बोकेर अहिले जसरी टाढाटाढाको दूरीमा रहेका कार्यालय धाउनु पर्ने बाध्यता अन्त हुनेछ ।

अर्कातर्फ पार्किङका लागि पनि सहजता हुनेछ भने घण्टौंसम्म सवारीलाई सडकमा लाइन लागेर बस्नुपर्ने बाध्यता हट्ने छ । अहिले भैरहवा भन्सार कार्यालयको पार्किङ क्षमता जम्मा डेढ सयको हाराहारीमा छ ।

भैरहवा भन्सार कार्यालय मुलुककै दोश्रो ठूलो भन्सार नाका भए पनि पूर्वाधारमा पछाडि नै रहेको छ । राजस्व संकलनको ठूलो हिस्सा यो नाकाको भए पनि सो अनुसारको पूर्वाधार भने बन्न सकेको छैन । २०७२ सालको भूकम्प, त्यसपछिको मधेश आन्दोलन र भारतद्धारा गरीएको अघोषित नाकाबन्दीका कारण देश बचाउने लाइफलाइन नाका बनेको थियो । तत्कालिन समयमा देशका प्रायः सबै नाका ठप्प हुँदा देशलाई भैरहवा नाकाले देशको शाख जोगाएको थियो । समयमा आइसीपी निर्माण नहुँदा अहिले भैरहवा भन्सार नाका अस्तव्यस्त बन्ने गरेको छ । भन्सार जाँचपास गराउने ट्रक, ट्यांकर तथा कन्टेनर मुख्य सडकमै रोक्नु परेको छ । मालसामान बोकेर भारतबाट नेपालतर्फ र नेपालबाट भारततर्फ दैनिक रूपमा ३ सयदेखि तिन सय ५० मालबाहक ट्रक एवं अन्य साधनहरु भन्सार प्रवेश गर्छन । पार्किङ्, यार्ड, गोदाम, सेडघरको अभाब रहेको भैरहवा भन्सार कार्यालयमा अहिले भन्सार परिसरमा रहेको पार्किङ् निकै साँघुरो छ ।

पहिलो पटक नेपाल-भारतबिच हुने आयात निर्यात सहज रुपमा गराउने उद्देश्यले भारत सरकारले सन् २००५ मा नेपालको विराटनगर, वीरगञ्ज, नेपालगञ्ज र भैरहवा नाकामा आइसिपी निर्माण गरिदिने सहमति जनाएको थियो । २००७ मा आईसिपि निर्माणका लागि दुई देशबिच हस्ताक्षर भएको थियो । विराटनगर वीरगञ्ज र नेपालगञ्जमा भने आइसिपी निर्माण गरी भारतले यसअघि नै नेपाल सरकारलाई हस्तान्तरण गरिसकेको छ । वीरगञ्जको आईसिपी अप्रिल २०१८, विराटनगरको अप्रिल २०२० मा सञ्चालनमा आएको थियो भने गत वर्षबाट नेपालगञ्जमा पनि सञ्चालनमा आएको छ ।

आइसीपी निर्माण भएपछि सबै सेवा सुविधा एकै ठाउँमा प्राप्त गर्न पाउने हुँदा राहत मिल्ने यस क्षेत्रका उद्योगी, व्यवसायीले अपेक्षा गरेका छन् । आइसपी निर्माणसँगै सिमामा भाग्दै आइरहेको जाम हट्नुका साथै सवारीको ईन्धनमा बचत र सिमा शान्त, स्वच्छ हुने अपेक्षा गरिएको छ । जसका कारण सिमामा आवत जावत समेत सहज बन्ने छ भने खुल्ला सिमानाकाका कारण भईरहेको भन्सार राजश्व चुहावट नियन्त्रण हुने अपेक्षा गरिएको छ ।

सिद्धार्थ उद्योग वाणिज्य संघका अध्यक्ष ठाकुरकुमार श्रेष्ठले वर्षौं अघिको योजना भैरहवा भन्सारमा आइसीपी निर्माणले तीब्रता लिनु निजी क्षेत्रको लागि धेरै राम्रो भएको र आयात निर्यातमा व्यवसायीहरुले खेप्दै आएको समस्या सञ्चालनमा आएपछि हट्ने भए पनि आइसीपीसम्म रेलवे कनेक्शनका लागि जोड दिनुपर्ने बताए । '२० वर्ष अघि बनाएको प्लानमा भएकोले केही संशोधन गर्दै तीब्रताका साथ यथासिघ्र सञ्चालनमा ल्याउनु पर्छ, एक समयमा सबैको रोजाइ बनेको भन्सार अहिले विविध कारणले अन्य नाकामा गाडीहरु डाइभर्ट भइरहेकोले जसरी हुन्छ आयात निर्यात सहज गराउन आइसीपी निर्माण सम्पन्न समयमै हुनु पर्छ ।'-श्रेष्ठले भने ।

आइसीपीमा अत्याधुनिक स्क्यानर जडान हुने भएकाले भन्सारमा हुने भएको राजस्व छली र एउटै प्रज्ञापनद्वारा धेरै सामान आयात गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्न सकिन्छ ।

## जिल्ला प्रशासन कार्यालय, गुल्मी

### प्रमाणित सम्बन्धमा

जो जससंग सम्बन्धित छ



गुल्मी जिल्ला साविक ग्वादी गा.वि.स. वडा नं. ०१ हाल रुरुक्षेत्र गाउपालिका वडा नं. ०२ निवासी भारतीय आर्मी नं. 5449968X H/NBSUB का अमर बहादुर रेगामीको पत्नीको नामथर नेपाली नागरिकताको प्रमाणपत्रमा शर्मिला देवि रेगामी जन्म मिति २०२२/०५/०६ (22 Aug 1965) र पतिको भारतीय पेन्सन अभिलेखमा नामथर शर्मिला रेगामी जन्म मिति २०२७/०४/०४ (19/07/1970) उल्लेख भई फरक पर्न गएता पनि उल्लेख विवरण गरेको एकै व्यक्ति भएको भनि रुरुक्षेत्र गाउपालिका ०२ नं. वडा कार्यालय गुल्मीको चलानी नं. १८८ मिति २०८०/७/२१ को पत्रबाट लेखी आएकोले सोही व्यहोरा प्रमाणि गरिन्छ ।

प्रमुख जिल्ला अधिकारी

## देवदह नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**
**केरवानी, रुपन्देही**
**लुम्बिनी प्रदेश, नेपाल**

### करारमा नगर अनुदान शिक्षक पदपुर्तिको लागि पुनः दरखास्त आव्हानको सूचना

(दोस्रो पटक प्रकाशन मिति २०८१/४/२५)

यस नगरपालिकाको नगर शिक्षक पदपुर्ति समितिको मिति २०८१/४/२३ को निर्णयानुसारनगर शिक्षक करारमा पदपूर्तिको लागि पुनः (सात) दिनको समय तोकी देहाय बमोजिम दरखास्त आह्वान गरिएको छ। तोकिएको योग्यता पुगेका ईच्छुक नेपाली नागरिकलेयस नगरपालिकाको कार्यालयमा दरखास्त दिनुहुनअनुरोध छ ।

| क्र.सं. | विज्ञापन नं. | तह | विषय | अध्यापन गर्नुपर्ने विद्यालय | पद संख्या |
|---|---|---|---|---|---|
| १ | ०१-२०८१/०८२ | माध्यमिक | गणित | श्री खड्ग मा.वि., देवदह-१ | १ |
| २ | | माध्यमिक | गणित | श्री प्रगती मा.वि., देवदह-१२ | १ |

१.**उम्मेदवारको लागि आवश्यक न्यूनतम योग्यता**
क. नेपाली नागरिक हुनुपर्ने
ख. मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातक तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको हुनुपर्ने ।
ग. शिक्षक सेवा आयोग नियमावली (संशोधनसहित), २०५७ को नियम १० बमोजिम अयोग्य नभएको हुनुपर्ने।
घ. स्थायी अध्यापन अनुमतिपत्र प्राप्त गरेको हुनुपर्ने।
२. **दरखास्त दिने अन्तिम मितिः**२०८१/४/३१ गते, कार्यालय समयभित्र।
३. **सम्पर्क मितिः** २०८१/०४/३२ गते ।
४. **परीक्षा मितिः** सम्पर्क मितिको दिन तोकिने छ ।
५. **आवेदन दस्तुरः**रु. १००० मात्र।
६.**छनौटको किसिमः**लिखित परीक्षा(सामान्य, विषयगत) रअन्तर्वार्ता ।
७. **पाठ्यक्रमः** सम्बन्धित तहको लागिशिक्षक सेवा आयोगले तोके बमोजिम।
८. **आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरुः**तीन प्रति पासपोर्ट साईजको फोटोसहितआवेदक स्वयंले प्रमाणित गरेका देहायका कागजातका प्रतिलिपिहरु -
क. नेपाली नागरिकताको प्रमाणपत्र
ख. शैक्षिक योग्यताका प्रमाणपत्रहरु
ग. अध्यापन अनुमतिपत्र
१०.**सेवासुविधाः** नगरपालिकाको नियमानुसार।
(पुनश्चः उक्त पदको लागि प्रथम पटक प्रकाशित सूचना अनुसार आवेदन पेश गरेका उमेद्वारले पुनः दरखास्त पेश गर्नुपर्ने छैन।)
**थप जानकारीको लागिः** ९८५७०६०८९२
**बोधार्थ**
श्री सूचना प्रविधि शाखा, देवदह नगरपालिका- नगरपालिकाको वेभसाईटमा अपलोड गर्नुहुन ।

**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

# भदौ ११ गते भगवतीजात्रा



कृष्ण पोखरेल

*पाल्पा*

नेपालले अंग्रेजलाई युद्धमा हराएको खुसियालीमा आउँदो भदौ ११ गते तानसेनमा विजयोत्सव स्वरुप भगवती जात्रा मनाइँदैछ । भगवती जात्रा विजयोत्सवमा सहभागी हुन भगवती गुठी व्यवस्थापन समितिले सबैमा अनुरोध गरेको छ । भगवती जात्रा विजयोत्सव पाल्पाको सबैभन्दा ठूलो उत्सवको रुपमा मनाउने गरिन्छ ।

तत्काली पाल्पाली कमाण्डर कर्णेल उजिरसिंह थापाको नेतृत्वमा वि.स.१८७१ र ७२ मा भएको जितगढी युद्धमा अंग्रेज फौजमाथि नेपाली सेनाले विजय प्राप्त गरेको थियो । युद्धमा जानुअघि कर्णेल उजिरसिंह थापाले भगवती देवीसँग युद्धमा जितेमा ३ तले मन्दिर बनाई सिन्दुरजात्रा गरी बजार परिक्रमा गराउने भाकल गरेका थिए । विजय भइसकेपछि ३ तले मन्दिर बनाई विसं. १८७७ देखि निरन्तर रुपमा भगवती जात्रा विजयोत्सव तानसेनमा मनाउने परम्परा रहेको छ ।

भगवती जात्रा विजयोत्सवलाई भव्य रुपमा बनाउन रणउजीरेश्वरी भगवती गुठी व्यवस्थापन समितिले तानसेनमा पत्रकार सम्मेलन गरेको छ । कार्यक्रममा पत्रकारहरुले भगवतीजात्रा विजयोत्सवको दायरालाई फराकिलो बनाउँदै सिंगो पाल्पालीहरुले अपनतत्व लिने गरी १० वटै स्थानीय सरकारको सहभागितामा मनाउनु पर्नेमा जोड दिए ।

गुठी व्यवस्थापन समितिले गत वर्षदेखि भगवती जात्राको अवसरमा पत्रकार सम्मेलन गरी तयारीको अवस्था, गुठीले गर्नुपर्ने क्रियाकलापहरुको बारेमा राय सुझाव लिंदै आएको छ । नयाँ समिति आइसकेपछि मन्दिर परिसरको पौवामा गुठी कार्यालय सञ्चालनमा ल्याएको, भगवती मन्दिर प्रचारप्रसारको लागि मन्दिर परिसर क्षेत्रमा २४ घण्टा वाइफाईको व्यबस्था गरेको, गुठीअन्तरगत पाल्पामा रहेको १८० रोपनी खेत र १४५० रोपनी बारीको कुत व्यवस्थापन तथा भक्तपुरमा रहेको ३६ रोपनी जग्गा खोजविनमा लागेको समितिले जनाएको छ । गुठीले देशको राष्ट्रियता संग जोडिएको विजयोत्सव धार्मिक कार्यलाई मात्र बढी जोड दिएर महत्व नै छायाँमा पर्दै आएको पत्रकारहरुले जोड दिए ।

भगवतीजात्राका विषयमा इतिहासविदका कुरामा एकरुपता नभएको, गुठी समिति जात्रामा मात्र सक्रिय हुने, अन्य समयमा निष्कृय अवस्थामा बस्ने गरेको, जात्राको रौनकतालाई अझ बढी बढाउनु पर्ने, सरकारी निकायबाट राष्ट्रिय पर्वप्रति बेवास्ता भएको, पत्रकारहरुले सुझाव दिए । राष्ट्रियतासँग जोडिएको भगवती मन्दिरलाई त्रिपाल ओढार जात्रा माथि जात्रा देखाएर समितिदेखि तानसेन नगरपालिका रमिते बनेकोमा पत्रकारहरुले व्यंग गरे ।

पत्रकारहरुले उठाएका सुझाव तथा जिज्ञासाहरुको जवाफ दिँदै गुठी व्यवस्थापन समितिका अध्यक्ष अशोककुमार महर्जनले भगवती मन्दिरलाई पुरानै शैलीमा निर्माण गर्न, प्रचार प्रसार गर्न समिति क्रियासिल भएर लागेको बताए । साँझ बिहान मात्र खुल्दै आएको मन्दिरलाई दिनभरी खुलाउने गरी पहल भइरहेको गुठीका अध्यक्ष महर्जनले बताए । गत वर्ष रथयात्राको क्रममा ४ लाख ७२ हजार रुयैयाँ खर्च भएको र खर्च वर्षेनी बढ्दै गएको समितिले जनाएको छ ।

भगवती जात्राको दिन प्रदेश सरकारले पाल्पा जिल्लामा सार्वजनिक बिदा घोषणा गर्दै आएको छ । पाल्पाको भगवती विजयोत्सव हेर्न पाल्पासहित छिमेकी जिल्ला गुल्मी, अर्घाखाँची, स्याङ्जा, पर्वत, कास्की, रुपन्देहीनवलपरासी, कपिलवस्तुबाट आउने गर्दछन् । पत्रकार सम्मेलनको सञ्चालन गुठी व्यवस्थापन समितिका सदस्य पदम न्यौपानेले गरेका थिए ।

# मृतक व्यवसायीका परिवारलाई १७ लाख प्रदान



बुटवल । दुर्घटनामा परि निधन भएका आफ्ना शेयर सदस्यको परिवारलाई बिमा रकम बापत १७ लाख रुपैयाँ प्रदान गरिएको छ । पश्चिम नेपाल बस व्यवसायी प्रा.लि.द्वारा शेयर सदस्य लु १ ख ८७८७ नम्बरका गाडी धनी भैरहवा निवासी जानकीदेवी पाण्डेको परिवारलाई सो रकम प्रदान गरिएको हो । बिहीबार एक कार्यक्रकाबिच मृतक पाण्डेका छोराहरु अखिलेशकुमार पाण्डे र कमलेशकुमार पाण्डेलाई उक्त रकम हस्तान्तरण गरिएको थियो ।

यति ठूलो रकम राहत बापत व्यवसायीको परिवारलाई प्रदान गरिएको पहिलो पटक भएको प्रा.लि.ले जनाएको छ । आफ्नै घरको छतबाट खसेर गम्भीर घाइते भएकी सिद्धार्थनगर ३ भैरहवा निवासी पाण्डेको उपचारका क्रममा युनिभर्सल मेडिकल कलेजमा निधन भएको थियो ।

पश्चिम नेपाल बस व्यवसायी प्रा.लि.का शेयर सदस्य समेत रहेकी पाण्डेको निधनपश्चात् मृतकका परिवारलाई व्यवसायी कल्याणकारी कोषमार्फत् २ लाख रुपैयाँ र बिमाबापतको १५ लाख गरी कुल १७ लाख रुपैयाँ प्रदान गरिएको अध्यक्ष दधिराम खरेलले बताएका छन् ।

अध्यक्ष खरेलका अनुसार कुल २२ सय २ शेयर सदस्य रहेको प्रा.लि.ले व्यवसायीको निधनपछि परिवारलाई राहत होस् भन्ने उद्देश्यले व्यवसायीहरुको २२ लाखसम्मको बिमा तथा राहत रकमको व्यवस्था संस्थाले नै गरेको छ । अध्यक्ष खरेल भन्छन्-'पश्चिम नेपाल बस व्यवसायी प्रा.लि.ले स्थापना गरेको सहकारीमार्फत् आफ्ना शेयर सदस्यहरुको व्यवसायिक सुरक्षा र सदस्यका परिवारहरुको हकहितका लागि आर्थिक सहयोग गर्ने उद्देश्यले विशेष व्यवस्था गरेको छ ।

आफ्ना सदस्य व्यवसायीहरुको पेशागत सम्मान र हकहित संरक्षणलाई मुख्य प्राथमिकतामा राख्दै पश्चिम नेपाल बस व्यवसायी प्रा.लि.ले पछिल्लो समय मरणोपरान्त समेत परिवारलाई रकम प्रदान गर्दै आइरहेको छ । व्यवसायीका साथै परिवारको जीवनयापनमा समेत सघाउ पुराउने उद्देश्यले सहकारीमार्फत् रकम वितरण गर्ने व्यवस्था गरिएको प्रबन्ध सञ्चालक रामचन्द्र भुसालले बताए ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग
खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, भैरहवा

खाद्य पदार्थको पैठारी पूर्व स्वीकृति तथा नाकामा प्रवेश अनुमति लिनुपर्ने सम्बन्धमा पैठारीकर्ताहरुका लागि सूचना

मिति १९ श्रावण २०८१ देखि लागू हुने खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ को दफा १३ को उपदफा (१) बमोजिम खाद्य पदार्थको पैठारी गर्न चाहने खाद्य व्यवसायीले खाद्य पदार्थ पैठारी गर्नुअघि विभाग वा विभागले कार्यालयबाट स्वीकृति लिनुपर्ने र उपदफा (२) बमोजिम खाद्य पदार्थ पैठारी गर्नुअघि स्वीकृति प्राप्त गरी पैठारीको लागि प्रवेश नाकामा ल्याइएका खाद्य पदार्थ नेपालभित्र पैठारी गर्नुअघि विभाग वा विभागले तोकेको कार्यालयबाट प्रवेश अनुमति लिनुपर्ने अनिवार्य प्रावधान रहेको र सो बमोजिम नगरेमा ऐनको दफा ४० (ग) बमोजिम कसूर गरेको मानिने भएकोले ऐनको दफा २ (घ) बमोजिम परिभाषित सम्पूर्ण खाद्य पदार्थहरुको पैठारी गर्नुअघि विभागबाट स्वीकृति लिई मात्र आयात गर्ने र भन्सार नाकामा आए पश्चात भन्सार नाकास्थित विभाग अन्तर्गतका खाद्य आयात निर्यात गुणस्तर प्रमाणीकरण कार्यालयबाट प्रवेश अनुमति लिई मात्र खाद्य पदार्थ पैठारी गर्नु गराउनु हुन सम्पूर्ण खाद्य पदार्थ पैठारीकर्ताहरुलाई सूचित गरिन्छ । अन्यथा खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम कारवाही हुने व्यहोरा समेत जानकारी गराइन्छ ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग
खाद्य आयात निर्यात गुणस्तर प्रमाणीकरण कार्यालय
बेलहिया, रुपन्देही, नेपाल
फोन: ०७१-५७५०४८ इमेल: fieqco. belhiya@gmail.com

HYDRABADI
DUM BIRYANI
Quality Lasi Center



HALAL
9809529708, 9826426071
Butwal-6, Nepalgunj Road
www.hydrabadimatkadumbiryani.com

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरुरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन)
फोन:- ०७१५४२५७१

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी
कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

नेपाल सरकारद्वारा मान्यता प्राप्त पश्चिम नेपालकै पहिलो बहु विशेषज्ञ दन्त अस्पताल
आले डेण्टल हस्पिटल प्रा. लि.
श्रवणपथ, बुटवल-६, रुपन्देही, नेपाल (भुड्कीचोक देखि ५० मिटर पूर्व)
071-530108, 532544 dentalhospitalale@gmail.com www.aledentalhospital.com
दाँत, मुख तथा गिजा उपचार केन्द्र






"Healthy Smile, Happy Life" Our Location "स्वस्थ मुस्कान, खुशी जीवन"

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि
सधैं हामीलाई सम्झनुहोस्
सम्पर्क:
आइडिया डिजाइनर्स/अफसेट प्रेस
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३
मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादकः टिआर शर्मा,
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dainiklumbiniadd@gmail.com (Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www.lumbinipatrika.com